# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४२ | काठमाडौं | शनिबार, २७ भदौ २०८३ | Prabhab National Daily | Saturday, 12 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## प्रधानमन्त्री शाहले राष्ट्रसंघीय महासभालाई असोज ८ गते सम्बोधन गर्ने

- महासभामा प्रधानमन्त्री शाहले जलवायु परिवर्तन र यसबाट सिर्जित प्रकोपबाट नेपालले बारम्बार भोग्नुपरेको जनधनको क्षतिबारे विश्वसमुदायको ध्यानाकर्षण गराउने
- महासभामा ८१ मुलुकका राष्ट्रप्रमुख र नेपालसहित ५० मुलुकका सरकार प्रमुखहरु सहभागी हुने
- प्रधानमन्त्री शाहको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्रसचिव राईलगायतका उच्चपदस्थ पदाधिकारीहरु सहभागी हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभालाई आगामी असोज ८ गते सम्बोधन गर्ने भएका छन् ।

उक्त महासभाको 'उच्चस्तरीय सामान्य बहस' आगामी असोज ६ देखि १२ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा सञ्चालन हुने छ । महासभाको सामान्य बहसमा प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यसपटकको महासभाको नारा 'विश्वास पुन:स्थापना, रूपान्तरणको व्यवस्थापन: सबैका लागि परिणाममुखी संयुक्त राष्ट्रसंघ' रहेको छ । संयुक्त राष्ट्रसंघबाट प्राप्त जानकारीअनुसार हालसम्म उक्त महासभामा ८१ मुलुकका राष्ट्रप्रमुख र नेपालसहित ५० मुलुकका सरकार प्रमुखहरू सहभागी हुने छन् ।

मन्त्रालयका सचिव अमृतबहादुर राईले नेपालमा गत वर्ष भएको 'जेन-जी' आन्दोलन, त्यसपछि भएको सफल निर्वाचन र सोमार्फत प्राप्त जनादेशसहित गठन भएको वर्तमान सरकारका प्राथमिकतालगायतका विषयहरू अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न ८१औं महासभा महत्त्वपूर्ण अवसर हुने बताए ।

सो विषयमा जानकारी दिन शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले अन्तर्राष्ट्रिय सहयोग एवं सद्भावको निरन्तरता र बढोत्तरीका लागि उच्चस्तरबाटै आह्वान गर्नसमेत यो महासभा महत्त्वपूर्ण अवसरका रूपमा रहेको उल्लेख गरे ।

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको विनाशकारी बाढीका कारण नेपालले अपूरणीय क्षति भोग्नुपरेको छ । यसले नेपाल जलवायु संकटको दृष्टिले जोखिममा रहेको पुनर्पुष्टि गरेको छ ।

'विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगन्य योगदान रहे पनि यसका नकारात्मक असरबाट नेपालजस्ता मुलुक सर्वाधिक पीडित हुनुपरेको अवस्था छ,' सचिव राईले भने, 'यस सन्दर्भमा प्रधानमन्त्रीज्यूबाट महासभामा जलवायु परिवर्तन र यसबाट सिर्जित प्रकोपबाट नेपालले बारम्बार भोग्नुपरेको जनधनको क्षतिबारे विश्वसमुदायको ध्यानाकर्षण गराउने विषय प्रस्तुत हुने छ ।'

साथै महासभामा नेपालले नगन्य कार्बन उत्सर्जन गरेता पनि जलवायु परिवर्तनका नकारात्मक असरहरू भोग्नु परिरहेको विषयलाई प्रस्तुत गरिने उनले बताए ।

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्रीसँगको भेटपछि उद्योगी व्यवसायी उत्साही



मुलुकमा चरम तरलता छ । ब्याजदर घटेको छ । अब त केही हुने हो कि भन्ने आशा पलाएता पनि सोचेअनुसारको लगानी हुन नसक्नुको कारण पनि यिनै हुन् भन्ने देखिन्छ । यसलाई परिवर्तन गर्नका लागि प्रधानमन्त्रीज्यूले लिनुभएको अग्रसरता सरहानीय छ ।

■ **विनोद चौधरी**
उद्योगपति



भेटमा आन्तरिक तथा प्रत्यक्ष वैदेशिक लगानी दुवैको प्रवर्द्धन, पूर्वाधारमा लगानी, रोजगारी सिर्जना र राजस्व वृद्धिका विषयमा प्रधानमन्त्रीको चासो र सकारात्मक धारणा देख्दा खुसी लाग्यो ।

■ **चन्द्र ढकाल**
अध्यक्ष, आइएमई ग्रुप



प्रधानमन्त्रीलाई मैले पनि शिक्षा र स्वास्थ्यमा नीतिगत सुधार गर्न सकेमा विदेशीहरूलाई पनि यहाँ ल्याउन सकिन्छ । बदमासी गर्नेलाई कारबाही गर्नुस् । कर छल्नेलाई कारबाही होस् । तर, अनावश्यकरूपमा उद्योगी व्यवसायीलाई त्रासमा राख्ने काम बन्द होस् भन्ने धारणा राखेँ ।

■ **उमेश श्रेष्ठ**
अध्यक्ष, एलए ग्रुप



यो संवाद केवल बालुवाटारको बैठक वा कुराकानीमा मात्र सीमित हुनु हुँदैन, यसलाई व्यवहारमा उतार्नुपर्छ ।

■ **पवन गोल्यान**
प्रमुख संरक्षक, गोल्यान समूह



व्यवसायीहरूलाई झ्याप्प समात्ने र थुन्ने गर्दा बजारमा नकारात्मक सन्देश गएको छ । यसमा प्रधानमन्त्रीले एकदम प्रस्ट भन्नुभएको छ– देशद्रोह वा ठूलै बदमासी गरेको अवस्थामाबाहेक नीतिगत वा प्रणालीगत कमजोरीका कारण समस्या आएको हो भने व्यवसायीलाई थुन्ने होइन, बरू वित्तीय जरिवाना (पेनाल्टी) तिराएर काम गर्न दिनुपर्छ ।

■ **विदुषी राणा**
सांसद



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** झण्डै दुईतिहाइको बहुमतप्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले उद्योगी व्यवसायीमाथि कठोर नीति लिने संकेत गरेको थियो । वालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले काम नगर्ने ठेकेदारलाई खुट्टा भाँच्नेदेखि ग्यास व्यवसायीको पाता फर्काउनेसम्मको चेतावनी दिइसकेको छ ।

यतिमात्र हैन वालेन्द्र नेतृत्वको सरकारले व्यवसाय नै सरकारी स्वामित्वमा आउनुपर्ने नीति लिने तयारी देखिन्थ्यो । यो बीचमा व्यवसायीमाथि धरपकडसमेत गरियो । यस्तो अवस्थामा व्यवसायी त्रसित देखिएपछि व्यापार व्यवसायसमेत प्रभावित बन्न थालेको छ । व्यवसायी र सरकारबीचको यो दूरी कम गर्न प्रधानमन्त्री शाहले व्यवसायीसँग छलफल थालेका छन् ।

शुक्रबार उद्यमीसमेत रहेकी सांसद विदुषी राणाको संयोजनमा प्रधानमन्त्री कार्यालयमा बोलाइएको छलफलमा नेपाल उद्योग परिसंघका प्रेसिडेन्ट इमेरिट्स उद्योगपति विनोद चौधरी, नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष एवं आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकाल, एलए ग्रुपका अध्यक्ष उमेश श्रेष्ठ र गोल्यान समूहका प्रमुख संरक्षक पवन गोल्यान सहभागी भएका थिए ।

छलफलपछि व्यवसायीहरू उत्साही देखिएका छन् । कांग्रेस नेतासमेत रहेका व्यवसायी चौधरीले प्रधानमन्त्रीसँग खुलस्त छलफल गर्ने अवसर पाएको बताए । 'प्रधानमन्त्रीज्यूसँग खुला वातावरणमा देशको समग्र आर्थिक विकास, निजी क्षेत्रको सोचाइ, हाम्रासामु रहेका चुनौती एवं अवसरहरूको बारेमा खुलस्त छलफल गर्ने मौका मिल्यो,' भेटपछि चौधरीले भने, 'वर्षौंपिच्छे सरकार परिवर्तन हुने वातावरणको अन्त्य गर्दै एउटा स्थायी सरकार जसको मूल उद्देश्य भनसुन, करप्सन र बिचौलियाको अन्त्य गर्दै पारदर्शी र वित्तीय अपराधलाई वित्तीय अपराधकै रूपमा ट्रिट गर्ने र राम्रो काम गर्नेहरूलाई झन राम्रो काम गर्ने वातावरण दिने दृष्टिकोणको अपेक्षा उद्यमी व्यवसायीले र त्यसमाथि पनि नयाँ पुस्ताका उद्यमीहरूले राखेको बिषय मैले प्रधानमन्त्रीज्यूसमक्ष राखेँ ।'

यसबारे सरकारकातर्फबाट सकारात्मक संकेतहरू आएको चौधरीको बुझाइ छ । चौधरीले मुलुकमा चरम तरलता रहेको र सोचेअनुसारको लगानी हुन नसकिरहेको बेला छलफल गर्नु सकारात्मक भएको बताए । 'मुलुकमा चरम तरलता छ । ब्याजदर घटेको छ । अब त केही हुने हो कि भन्ने आशा पलाएता पनि सोचेअनुसारको लगानी हुन नसक्नुको कारण पनि यिनै हुन् भन्ने देखिन्छ । यसलाई परिवर्तन गर्नका लागि प्रधानमन्त्रीज्यूले लिनुभएको अग्रसरता सरहानीय छ,' चौधरीले भने ।

समस्या समाधान गर्न प्रधानमन्त्री कार्यालयमै तत्काल समस्याको निर्णय दिनसक्ने संयन्त्र बनाइनु प्रभावकारी हुने सुझाव आफूले दिएको उनले बताए । अहिले बैंकिङ क्षेत्रमामात्रै होइन, सरकारका विभिन्न निकायमा ५० खर्बभन्दा बढी रकम थुप्रिएर बसेको उल्लेख गर्दै चौधरीले मेडिकल कलेज र नर्सिङ अध्ययनका लागि नियमनलाई बलियो बनाएर नेपाललाई दक्षिण एसियाकै हब बन्नेगरी खुला गर्ने नीति सरकारले लिनुपर्ने सुझाव दिए ।

प्रधानमन्त्रीसँग दुई घण्टा छलफल भएको र उक्त छलफल अत्यन्तै सकारात्मक रहेको उनको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# सुरक्षा क्षेत्रमा विदेशी कामदार भित्र्याउनेबारे अध्ययन गर्दै जापान

- सुरक्षा क्षेत्रमा नेपालीसहित विदेशी श्रमिकका लागि रोजगारी खुल्न सक्ने
- प्राविधिक प्रशिक्षार्थी प्रणालीलाई विस्थापन गर्ने तयारी गरिएको नयाँ कार्यक्रम 'इम्प्लोइमेन्ट फर स्किल डेभलेपमेन्ट'अन्तर्गत पनि सुरक्षा क्षेत्रलाई समेट्ने विषयमा छलफल गरिने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जापानले श्रमिक अभाव झेलिरहेको सुरक्षा क्षेत्रमा विदेशी कामदार भित्र्याउने सम्भावनाबारे अध्ययन गर्ने भएको छ । जापानको राष्ट्रिय प्रहरी एजेन्सी (एनपिए)ले आउँदो दिनमा सुरक्षा क्षेत्रमा विदेशी श्रमिक ल्याउनेबारे छलफल गर्न विज्ञ समूह गठन गर्ने जनाएको हो । योसँगै जापानको सुरक्षा क्षेत्रमा नेपालीसहित विदेशी श्रमिकका लागि रोजगारी खुल्न सक्ने देखिएको छ ।

एनपिएले सुरक्षा सेवालाई जापानको 'स्पेसिफाइड स्किल्ड वर्कर' (एसएसडब्ल्यू) प्रणालीमा समावेश गर्ने वा नगर्ने विषयमा अध्ययन गर्ने 'द जापान टाइम्स'ले जनाएको छ । त्यस्तै, प्राविधिक प्रशिक्षार्थी प्रणालीलाई विस्थापन गर्ने तयारी गरिएको नयाँ कार्यक्रम 'इम्प्लोइमेन्ट फर स्किल डेभलेपमेन्ट'अन्तर्गत पनि सुरक्षा क्षेत्रलाई समेट्ने विषयमा छलफल गरिने जनाइएको छ ।

विज्ञ टोलीको पहिलो बैठक यही सेप्टेम्बर १६ मा बस्ने भनिएको छ । टोलीले सुरक्षा क्षेत्रमा विदेशी श्रमिक ल्याउने सम्भावनाबारे अध्ययन गरि सन् २०२७ जनवरीसम्म प्रतिवेदन तयार गर्ने जनाइएको छ । विदेशी श्रमिकसम्बन्धी यो प्रणाली जापानको न्याय मन्त्रालय र स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयकोसमेत क्षेत्राधिकारभित्र पर्ने भएकाले ती मन्त्रालयसँग पनि परामर्श गर्ने जनाइएको छ ।

समाचारका अनुसार जापानको सुरक्षा सेवा कानुनले सुरक्षा गार्डका लागि राष्ट्रियताको आधारमा प्रत्यक्ष प्रतिबन्ध लगाएको छैन । हाल जापानी नागरिकका पति, पत्नी, दीर्घकालीन बसोबासको अनुमति भएका र काम गर्न कुनै प्रतिबन्ध नभएका विदेशी नागरिकले सुरक्षा क्षेत्रमा काम गर्न सक्छन् । तर, श्रमिक अभाव भएका क्षेत्रमा विदेशी श्रमिक भित्र्याउन प्रयोग भइरहेको एसएसडब्ल्यू प्रणालीमा सुरक्षा क्षेत्र समावेश गरिएको छैन । एसएसडब्ल्यू प्रणालीमार्फत फुड सर्भिस, केयर टेकर, एग्रिकल्चर, ग्राउण्ड हचाण्डलिङलगायतका काममा विदेशी श्रमिक जाँदै आएका छन् ।

जापानमा सुरक्षा क्षेत्रमा श्रमिक अभाव गम्भीर बन्दै गएको तथ्यांकले देखाएको छ । एनपिएका अनुसार सुरक्षा उद्योगसमेत समेटिने 'प्रोटेक्टिभ सर्भिस वर्कर्स' वर्गमा रोजगारीका लागि उपलब्ध पद र आवेदन दिने व्यक्तिबीचको अनुपात पछिल्ला वर्षमा पाँचदेखि छ प्रतिशत नजिक रहेको जनाइएको छ । तसर्थ जापानमा सुरक्षा क्षेत्रमा भएका रोजगारीको तुलनामा काम खोज्ने व्यक्ति निकै कम रहेको बताइन्छ ।

समाचारका अनुसार सुरक्षा क्षेत्रमा काम गर्ने श्रमिकको उमेर पनि बढ्दै गएको छ । सन् २०२५ को अन्त्यसम्म त्यहाँ कार्यरत सुरक्षा गार्डमध्ये ६० वर्ष वा त्योभन्दा माथिका श्रमिकको हिस्सा ४७.३ प्रतिशत पुगेको एनपिएले भनेको छ । कठिन कार्य अवस्था र श्रमिक अभावका कारण सुरक्षा कम्पनीहरूलाई नयाँ जनशक्ति भर्ना गर्न समस्या भइरहेको देखिन्छ । जसकारण विदेशी श्रमिकलाई सुरक्षा क्षेत्रमा ल्याउने व्यवस्था गर्न सरकारसँग माग बढेको भनिएको छ ।

सुरक्षा क्षेत्रको काम प्रत्यक्षरूपमा मानिसको जीवन र सम्पत्तिसँग जोडिने भएकाले विदेशी श्रमिक भित्र्याउँदा भाषा, तालिम र जिम्मेवारीको स्पष्ट मापदण्ड आवश्यक हुने एनपिएको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा


## 'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुन:स्थापनाका लागि सक्दो सहयोग गरौं !

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# प्रा.डा. बल काठमाडौं विश्वविद्यालय इञ्जिनियरिङ स्कुलको डिन नियुक्त



**काठमाडौं–** काठमाडौं विश्वविद्यालय (केयू)को इञ्जिनियरिङ स्कुलको डिनमा प्रा.डा. बालकृष्ण बल नियुक्त भएका छन् । बललाई शुक्रबार इञ्जिनियर स्कुलको डिनमा नियुक्त गरेको विश्वविद्यालय प्रशासनले जानकारी दिएको छ ।

यसअघि बल सोही इञ्जिनियरिङ स्कुलमा सहायक डिनको जिम्मेवारीमा थिए । कम्प्युटर विज्ञान तथा इञ्जिनियरिङका विज्ञ प्रा.डा. बलले सोही विश्वविद्यालयबाट कम्प्युटर विज्ञान तथा इञ्जिनियरिङमा विद्यावारिधि उपाधि हासिल गरेका हुन् । सन् २००९ देखि केयूमा सहायक प्राध्यापकका रूपमा अध्यापन तथा अनुसन्धान यात्रा सुरु गरेका बल अनुसन्धानको क्षेत्रमासमेत सक्रिय छन् ।

प्रा.डा. बल सन् २०१५ देखि २०१६ सम्म अमेरिकाको टेक्सासस्थित हचुस्टन विश्वविद्यालयमा अनुसन्धान वैज्ञानिकका रूपमासमेत कार्यरत थिए । अन्तर्राष्ट्रिय अनुसन्धानको अनुभवसमेत हासिल गरेका उनी सन् २०२४ देखि काठमाडौं विश्वविद्यालयमा प्राध्यापकका रूपमा कार्यरत छन् । भोजपुर स्थायी घर भएका प्रा.डा. बलले आफ्नो विद्यालय तहको शिक्षा पोखरास्थित गण्डकी बोर्डिङ स्कुलबाट पूरा गरेका हुन् । उनले सोही विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका थिए ।

विश्वविद्यालयमा लामो समयदेखि अध्यापन, अनुसन्धान र प्रशासनिक जिम्मेवारी सम्हाल्दै आएका प्रा.डा. बलको नेतृत्वमा काठमाडौं विश्वविद्यालयको इञ्जिनियरिङ स्कुलले शैक्षिक तथा अनुसन्धानका क्षेत्रमा थप उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको विश्वविद्यालय प्रशासनको भनाइ छ ।

## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्रीसँगको...

'प्रधानमन्त्रीज्यूसँगको संवादपछि म उत्साहित कुन रूपमा छु भने यति लामो छलफलको क्रममा उहाँ र हामीबीच कुनै पनि विषयमा विमति देखिएन । सरकार र निजी क्षेत्र एउटै लयमा अगाडि बढ्न सक्छन् भन्ने आजको संवादले स्पष्ट पारेको छ । यो छलफलमा देखिएको सहमतिलाई कति छिटो कार्यान्वयनमा हामीले लैजान सक्छौं भन्ने कुराले भोलिको नेपाली अर्थतन्त्रको दिशा र लगानीकर्ताले प्रोत्साहन प्राप्त गर्ने छन् भन्ने मलाई लागेको छ,' चौधरीले भने ।

आइएमई समूहका अध्यक्ष ढकालले भेट सकारात्मक र फलदायी रहेको बताए । प्रधानमन्त्रीले व्यवसायीको पक्षमा दिएको चासोले आफूलाई खुसी लागेको ढकालले बताए । 'छलफल निकै सकारात्मक र फलदायी रहयो । भेटमा आन्तरिक तथा प्रत्यक्ष वैदेशिक लगानी दुवैको प्रवर्द्धन, पूर्वाधारमा लगानी, रोजगारी सिर्जना र राजस्व वृद्धिका विषयमा उहाँको चासो र सकारात्मक धारणा देख्दा खुसी लाग्यो,' ढकालले भने, 'मुलुकमा लगानीमैत्री वातावरण बनाउन आवश्यक परे नयाँ कानुन ल्याएर भए पनि सहयोग गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिबद्धता निजी क्षेत्रका लागि उत्साहजनक हो ।'

सरकारको नीतिका कारण व्यवसायी तथा लगानीकर्ताको मनोबल केही कमजोर देखिएको अहिलेको अवस्थामा सरकार र निजी क्षेत्रबीच यस्तो प्रत्यक्ष छलफल हुनु र लगानीको विश्वास बढाउने प्रतिबद्धता आउनु सुखद संकेत भएको उनको भनाइ थियो ।

एलए ग्रुपका अध्यक्ष श्रेष्ठले नेपाललाई शिक्षा र स्वास्थ्यको हब बनाएर विदेशी लगानी ल्याउन सकिने धारणा राखे । त्यसका लागि निजी क्षेत्रलाई विश्वासमा लिनुपर्ने उनको भनाइ थियो । 'प्रधानमन्त्रीको एप्रोच अत्यन्तै सकारात्मक लाग्यो । मैले पनि शिक्षा र स्वास्थ्यमा नीतिगत सुधार गर्न सकेमा विदेशीहरूलाई पनि यहाँ ल्याउन सकिन्छ भन्ने धारणा राखें । अहिले मेदान्त, राजीव गान्धी क्यान्सर हस्पिटल, म्याक्सलगायत अस्पतालमा नेपाली भरिभराउ छन् । हामीले यहीं लगानी विस्तारको बाटो दिएको भए पैसा यहीं रहन्थ्यो । विदेशबाट पनि यहीं उपचारका लागि आउँथे,' उनले भने ।

श्रेष्ठले सार्वजनिक शिक्षा प्रणालीमा सुधारका लागि शिक्षामा निजी क्षेत्रको लगानी निरुत्साहित गर्न नहुने बताए । उद्योगी व्यवसायीलाई अनावश्यक त्रासमा नराख्न पनि उनले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । 'बदमासी गर्नेलाई कारबाही गर्नुस् । कर छल्नेलाई कारबाही होस् । तर, अनावश्यकरूपमा उद्योगी व्यवसायीलाई त्रासमा राख्ने काम बन्द होस्,' श्रेष्ठले भने ।

उद्योगी गोल्यानले निजी क्षेत्रलाई अनावश्यक दुःख दिने सरकारको कुनै नियत नरहेको प्रतिबद्धता प्रधानमन्त्रीबाट आएपछि आफूहरूलाई सुरक्षित रहेको महसुस गर्ने आधार मिलेको बताए । यस्ता संवाद बैठक र कुराकानीमामात्र सीमित हुन नहुने गोल्यानको जोड छ । 'यो संवाद केवल बालुवाटारको बैठक वा कुराकानीमामात्र सीमित हुनु हुँदैन, यसलाई व्यवहारमा उतार्नुपर्छ,' गोल्यानले भने ।

सांसद तथा व्यवसायी राणाले प्रधानमन्त्रीसँगको छलफल अत्यन्त सौहर्द्रपूर्ण भएको बताइन् । 'प्रधानमन्त्रीको स्पष्ट भनाइ के थियो भने- पहिले नेपालीहरूले नै नेपालमा लगानी गर्नुपर्छ । बाहिरबाट विदेशी लगानी ल्याउने भनेको त्यसपछिको कुरा हो,' राणाले भनिन् ।

छलफलमा व्यवसायीहरूले राज्यका अनुसन्धान निकायहरूबाट हुने अनावश्यक धरपकड र कानुनी त्रासका कारण समग्र निजी क्षेत्रको मनोबल खस्किएको गुनासो गरेका थिए । व्यवसायीलाई झ्याप्प समात्ने र थुन्ने गर्दा बजारमा नकारात्मक सन्देश गएको छ । 'देशद्रोह वा ठूलै बदमासी गरेको अवस्थामाबाहेक नीतिगत वा प्रणालीगत कमजोरीका कारण समस्या आएको हो भने व्यवसायीलाई थुन्ने होइन, बरु वित्तीय जरिवाना (पेनाल्टी) तिराएर काम गर्न दिनुपर्छ,' प्रधानमन्त्री शाहको भनाइ उद्धृत गर्दै राणाले भनिन् ।

छलफलमा नेपाली विद्यार्थी र पुँजीको विदेश पलायन रोक्न नेपालमै गुणस्तरीय मेडिकल र नर्सिङ कलेजहरूको सिट संख्या बढाउनुपर्ने, विश्वस्तरीय विश्वविद्यालय र अस्पतालहरू नेपालमै स्थापना गर्न सहजीकरण गर्नुपर्ने तथा कृषिलाई औद्योगिकीकरण गर्नुपर्ने विषयमासमेत छलफल भएको थियो ।

■■■

### प्रधानमन्त्री शाहले...

यस सन्दर्भमा हानि तथा नोक्सानीको सम्बोधनसम्बन्धी कोषलगायतका निकायबाट तत्काले र उचित क्षतिपूर्ति प्राप्त गर्नेजस्ता जलवायु न्यायसम्बन्धी विषयमा विश्व समुदायलाई आह्वान गर्ने सरकारको तयारी छ ।

नेपालमा जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्न, जलवायुमैत्री कृषि प्रवर्द्धन गर्न र सरोकारवालाहरूको क्षमता विकास गर्न आवश्यक प्रविधि र जलवायु वित्त सहज र सहुलियतपूर्ण रूपमा उपलब्ध गराउन धनी र विकसित मुलुकहरूलाई सो अवसरमा अपिल गरिने सचिव राईले उल्लेख गरे ।

साथै, नेपालले प्रकृतिमैत्री जीवनशैली, ४६ प्रतिशतभन्दा बढी जंगल, विशाल हिमालय क्षेत्र र बृहत् नदी प्रणालीमार्फत विश्व वातावरण संरक्षण र प्रवर्द्धनमा पुऱ्याउँदै आएको योगदानको बारेमा जानकारी गराउने तयारी गरेको छ ।

यस महासभामा नेपालले 'सगरमाथादेखि समुद्रसम्मः जलवायु उत्थानशील भविष्य निर्माणका लागि कार्य आह्वान विषयक सहायक कार्यक्रम' आयोजना गर्दै छ । विश्वव्यापी जलवायु परिवर्तनका कारण खासगरी हिमाली क्षेत्रमा परेका नकारात्मक प्रभाव र यसबाट सिर्जित विनासकारी परिणामका बारेमा छलफल गरी विश्व समुदायको ध्यानाकर्षण गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

यसैगरी, परराष्ट्रमन्त्री शिशिर खनाल अतिकम विकसित मुलुकहरू, भूपरिवेष्ठित विकासोन्मुख मुलुकहरू, असंलग्न मुलुकहरू, जि-७७ र चीनलगायतका मन्त्रीस्तरीय बैठकहरूमा सहभागी हुने छन् ।

साथै, उनले संयुक्त राष्ट्रसंघले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा साइड इभेन्टहरूलाई पनि सम्बोधन गर्ने छन् । यसका अतिरिक्त परराष्ट्रमन्त्री खनालले छिमेकी मुलुकलगायत विभिन्न मित्रराष्ट्रका समकक्षी तथा संयुक्त राष्ट्रसंघका उच्च पदाधिकारीहरूसँग पनि भेटवार्ता गर्ने छन् ।

प्रधानमन्त्री शाहको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्रसचिव राईलगायतका उच्चपदस्थ पदाधिकारीहरू सहभागी हुने छन् ।

■■■

### सुरक्षा क्षेत्रमा...

विज्ञ टोलीले विदेशी श्रमिकका लागि आवश्यक जापानी भाषा दक्षता, उनीहरूलाई दिन सकिने काम र स्वीकार गर्न सकिने श्रमिकको संख्याबारे अध्ययन गर्ने छ । विदेशी श्रमिकलाई रोजगारी दिने विषयसँगै उनीहरूको मध्यम तथा दीर्घकालीन करिअर विकासको सम्भावना पनि अध्ययनको विषय बनाइने बुझिएको छ ।

नेपालका लागि जापान पछिल्ला वर्षमा वैदेशिक रोजगारीको महत्त्वपूर्ण गन्तव्य बन्दै गएको छ । नेपाली युवाहरू सीप र भाषा सिकेर रोजगारीका लागि जाँदै आएका छन् । जापानले एसएसडब्ल्यूमा नयाँ क्षेत्र थप गरे नेपाली श्रमिकको रोजगारीका क्षेत्र विस्तार हुने बुझिएको छ ।


**सर्टिफिकेट हरायो**

मिति २०८३/०२/२७ गते काठमाडौं जिल्ला, चावहिलदेखि सिनामंगल जाने क्रममा मेरो निम्न व्यहोरा भएको सिटिइभिटीबाट मान्यता प्राप्त सर्टिफिकेट हराएको हुंदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : बसन्त बहादुर शाही
सिटिइभिटी रजिष्ट्रेसन नम्बर : RG-११२१-१३
सिम्बोल नं.: ५१७३८३
उत्तीर्ण वर्ष : सन् २०१६
ठेगाना : स्वामीकार्तिक खापर गा.पा-३ जुकोट, बाजुरा
सम्पर्क: : ९८४३६३२७२९/९७४२२११५४८

**बिमालेख हरायो**

मिति २०८३/०५/०२ गते नक्साल जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : अन्जली शर्मा
बिमालेख नं. : ११००१३९५७
बीमा कम्पनी : एल आई सी नेपाल लि. काठमाडौं
ठेगानन : ललितपुर
सम्पर्क नं. : ९७६१८६५९४१

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०५/२३ गते का.जि.चन्द्रागिरी न.पा वडा नं.१, दहचोक हेवनडाँडा स्थित पार्किङ गरी राखिएको अवस्थामा रातो, कालो रङ्को २२० सि.सि. मोटरसाइकल दिनको अन्दाजी १:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : प्रताप तामाङ
बाइक नं.: बा.प्र.-०२-०६३ प १५३१
च्यासिस नं.: MD2A13EX1SCG 87545
इन्जिन नं. : DKXCSG46976
ठेगाना : हाल का.जि.म.न.पा-१५, स्वयम्भु
सम्पर्क नं. ९७६७५८०८४५

**माइग्रेसन हराएको सूचना**

मिति २०८३/०३/०४ गते काठमाडौं जिल्ला, कीर्तिपुरदेखि बानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : दिप बहादुर शाही
NEB रजिष्ट्रेसन नम्बर : ६५६५०२०८३
सिम्बोल नं.: ५८८१६९/२६५०२०७३
+2 उत्तीर्ण वर्ष : २०६६/०८/१७
ठेगाना : खत्याड गाउँपालिका-६ रास्कोटीवाडा, मुगु
सम्पर्क: : ९८४८३१७६१०

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०९/१२ मा दर्ता भएको **प्रा.लि. नं. ८५१०४** को **कस्तुरी भेटेरीनरी प्रोडक्ट्स प्रा. लि.** को मिति २०८३/०५/२६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०५, फोन नं. ९८४११५३११४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०६/०३ मा दर्ता कायम भएको **कपन हस्पिटल प्रा.लि.** (**प्रा.लि.नं. ३६४२६/२०६२/०६३**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०२/२४ मा दर्ता कायम भएको **ओम्री प्लस ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** (**प्रा.लि.नं. ६३३६६/२०६५/०६६**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०२/२४ मा दर्ता कायम भएको **योबामा ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** (**प्रा.लि.नं. ६३३६५/२०६५/०६६**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०९/०९ मा दर्ता कायम भएको **नेपाल क्यापिटल प्लस सर्भिसेस् लि.** (**प्रा.लि.नं. १०४६/०६४/०६५**) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१०/०८ मा दर्ता भएको **प्रा.लि. नं. ८५९५३** को **कस्तुरी केमिकल्स वर्क्स प्रा. लि.** को मिति २०८३/०५/२६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०५, फोन नं. ९८४११५३११४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०५/२७**

यस कम्पनीको मिति २०८३/०५/२० को सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **खोट्पा कन्स्ट्रक्सन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२४ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **सुजन साजन कन्स्ट्रक्सन प्रा.लि.** (प्रा.लि.नं. ३०५९५९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सोयल एक्सप्लोरेशन एण्ड कन्सल्ट प्राइभेट लिमिटेड**
**(कम्पनी खारेज गर्ने सम्बन्धमा) सम्बनधमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७३-०२-१३ मा दर्ता नं १४९९९४ बाट दर्ता कायम रही आन्तरिक राजश्व कार्यालय बाँके बाट ६०४२६६४९१ नं को स्थाई लेखा नम्बर PAN दर्ता प्रमाण पत्र प्राप्त '**सोयल एक्सप्लोरेशन एण्ड कन्सल्ट प्राइभेट लिमिटेड**' लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति : २०८३/५/२६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋन, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमान सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय थापागाउँमा सम्पर्क राख्न हुन सम्बनिधत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संजय कुमार साह लिक्वीडेटर, इजाजत पत्र नं.३९१**
**मो.नं. ९८४१४४९३३८ थापा गाउ काठमाडौं**

**प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
**को**
**विशेष साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/२७**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भदौ २६, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा सहभागी हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
**मितिः** असोज ११, २०८३ ।
**समयः** बिहान ११:०० बजे ।
**स्थानः** कम्पनीको प्रधान कार्यालय, का.म.न.पा. वडा नं.- ३२, तिनकुने, काठमाडौं ।

**विशेष साधारण सभामा निर्णयको लागी प्रस्तुत हुने प्रस्तावहरूः-**

**क) विशेष प्रस्तावः**
१. कम्पनीको प्रबन्धपत्रको दफा ४. संसोधन गरि उद्देश्य थपघट गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ५. संसोधन गर्ने सम्बन्धमा ।
३. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारीः-**
१. वर्तमान समयमा बाढी पहिरोको कारण देशभर प्रभाव परेकोले देशभर विभिन्न ठाउँमा रहनु भएका शेयरधनी महानुभावहरूको सहजीकरणको लागि यस विशेष साधारण सभालाई पूर्णतया भर्चुअल माध्यमबाट गरिनेछ ।
२. विशेष साधारण सभामा भर्चुअल माध्यमबाट सहभागी हुन शेयरधनी महानुभावहरूले आफ्नो नाम, शेयरधनी नम्बर सहित सभा हुने ७ दिन अगावै Meeting ID र Password का लागी यस कम्पनीको कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । शेयरधनीहरूको पहिचान पश्चात् निजहरूलाई Link/ Meeting ID /Password उपलब्ध गराइनेछ ।
३. विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
४. विशेष साधारण सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

**आज्ञाले कम्पनी सचिव**
PRABHU **प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं**
फो.नं. 01-5913728/5913729, www.prabhusteel.com

**नेपाल विद्युत प्राधिकरण**
**प्रसारण निर्देशनालय**
**केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल**

**रत्नपार्क- थापाथली १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना २.४ कि.मि. डबल सर्किटको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना**

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)**
**(प्रकाशित मिति : २०८३/०५/२७ गते)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-६६१८१७०, ईमेल : nea_ptl@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित रत्नपार्क-थापाथली १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.२८ स्थित प्रस्तावित रत्नपार्क सबस्टेसन देखि सुरू भई सोहि महानगरपालिकाको वडा नं.११ मा प्रस्तावित थापाथली सबस्टेसनसम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइनमा ४ वटा जोइन्ट पिटहरु निर्माण गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३४० मेगावाट रहेको छ । |
| **प्रभाव पर्ने प्रदेश/ जिल्ला/न.पा./वडा नं.** | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ र २८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ, र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/०६/०२ गते, शुक्रबार | दिउँसो १:०० बजे | काठमाडौं महानगरपालिका वडा नं.११ को सभाहल, बाघदरबार, काठमाडौं |

**आयोजकः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-६६१८१७०, ईमेल : nea_ptl@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२-१५, हरीयाना, भारत (स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेल : electrical@wapcos.co.in |

**मोटरसाइकल हरायो**

मिति २०८३/०५/२१ गते साँझ अन्दाजी ६:३० बजेदेखि ७ बजेको बीचमा का.जि.कामनपा वडा नं. ०१, कमलपोखरी पूर्वी गेट अगाडी पार्किङ गरि राखेको पल्सर २२० मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

ऋणीः एक माया गिरी
सवारी धनीः हिम ईलेक्ट्रोनिक्स प्रा.लि.
बाइक नं. :बा.प्र.०२-०६५ प ५२८०
च्यासिस नं.: MD2A13EX7TCK81784
इन्जिन नं.: DKXCTK21327
ठेगानाः बेनिघाट, रोराङ-९, धादिङ
सम्पर्क नं.: ९८०८८४५०००

**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : MARINA HOTEL KUWAIT.

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/२६ LT. No. 335810 चलानी नं. ६०२४९४१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / STEWARD | 10 | 0 | 110 | ५४,४८५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 4 | 150 | ७४,२९८ | | | | | | | |
| 3 | Housekeeping Attendants | 10 | 6 | 115 | ५६,९६२ | | | | | | | |
| 4 | Receptionist | 3 | 10 | 150 | ७४,२९८ | | | | | | | |
| 5 | Waiters | 10 | 10 | 130 | ३४,३९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ३ गते (19th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



**सिदादान गर्न लामबद्ध भक्तजन** | कुशे औंसीका अवसरमा शुक्रबार भक्तपुर नगरपालिका-७ हनुमानघाट परिसरमा दिवंगत बुबाको नाममा सिदादान गर्न  लामबद्ध भक्तजन। नेवार समुदायमा पितृलाई श्रद्धापूर्वक चढाइने वा पुरोहितलाई दिने विशेष अन्न, फलफूल वा सामग्रीलाई 'निस्ला' भनिन्छ। *तस्बिरः रासस*

# रावल आयोगको प्रतिवेदन कार्यान्वयन गरिने

**काठमाडौं (प्रस)**– भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन २०५२ ले औंल्याएका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गरेको छ।



मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीका अनुसार मन्त्रालयद्वारा गठित प्रतिवेदन कार्यान्वयन समितिको बैठकले प्रतिवेदन पेस गरेको थियो। उक्त प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिले आफ्नो नाममा भएको जग्गामा घुसाएको भनी उल्लेख भएका कित्ताहरूबाट एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गरेको हो।

त्यसैगरी, प्रतिवेदनमा पूरै क्षेत्रफल सरकारी तथा सार्वजनिक जग्गामा परेको भनी उल्लेख भएका कित्ताहरूकोसमेत एकमुष्टरूपमा निर्णय गरी नेपाल सरकार (सरकारी तथा सार्वजनिकरूपमै) कायम गर्न निर्णय गरेको हो।

प्रमुख नापी अधिकृत रमेश ज्ञवाली संयोजक रहेको समितिमा गृह मन्त्रालयका उपसचिव, भौतिक पूर्वाधार मन्त्रालयका उपसचिव, भूमि प्रशासन कार्यालय र नापी कार्यालय डिल्लीबजारका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत सदस्य र नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन्।

# भोटेकोशी बाढीप्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रभावकारी बनाउन निर्देशन

**काठमाडौं–** भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित भएका क्षेत्रमा स्वास्थ्य सेवा प्रभावकारी बनाउन प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिकी सभापति डा. ओजस्वी शेरचनको सभापतित्वमा शुक्रबार बसेको बैठकले बाढीप्रभावित क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षति, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका सम्बन्धमा मन्त्रालयअन्तर्गत भएका तथा भइरहेका कार्यबारे छलफल गरेको हो। बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता र मन्त्रालयका सचिवको उपस्थिति थियो। मन्त्रालयको प्रस्तुतीकरणपछि समितिका सदस्यहरूले आ-आफ्नो धारणा राखे। समितिले स्वास्थ्य मन्त्रालयलाई कार्यान्वयनका लागि आठ बुँदे निर्देशन दिएको छ।

समितिले होल्डिङ सेन्टरमा रहेका दीर्घरोगी, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकालाई घुम्ती स्वास्थ्य टोलीमार्फत भइरहेको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन प्रारम्भिक स्क्रिनिङ, जोखिमका आधारमा प्राथमिकता निर्धारण, नियमित तथा अत्यावश्यक औषधिको निरन्तर आपूर्ति र जटिल बिरामीको समयमै रेफरल तथा फलोअप सुनिश्चित गर्न निर्देशन दिएको छ।

सम्भावित जोखिमलाई ध्यानमा राखी जीवनजल, व्यक्तिगत सुरक्षा सामग्री, आवश्यक औषधि तथा अन्य स्वास्थ्य सामग्रीको पूर्वभण्डारण गर्न पनि मन्त्रालयलाई निर्देशन दिइएको छ। प्रभावित क्षेत्रमा सुरक्षित तथा स्वच्छ खानेपानी, हात धुने व्यवस्था, सुरक्षित तथा पोषिलो भोजन, शौचालय, सरसफाइ र उचित फोहर व्यवस्थापन सुनिश्चित गर्न भनिएको छ। यसका लागि जनस्वास्थ्य तथा वातावरणीय स्वास्थ्यका जनशक्ति परिचालन गरी नियमित अनुगमन गर्नसमेत समितिले निर्देशन दिएको छ।

समितिले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको पूर्वसूचना, द्रुत चेतावनी र प्रतिकार्य प्रणालीमार्फत रोगको नियमित निगरानी र शीघ्र रिपोर्टिङ गर्न तथा आवश्यकताअनुसार र्‍यापिड रेसपोन्स टिम परिचालन गरी सम्भावित प्रकोपको तत्काल पहिचान, अनुसन्धान तथा नियन्त्रण गर्न पनि निर्देशन दिएको छ।

मानसिक स्वास्थ्यतर्फ सबै प्रभावित क्षेत्रमा मनोवैज्ञानिक प्राथमिक उपचार तथा मनोसामाजिक परामर्श पुर्‍याउन र प्रारम्भिक सहयोगपछि पनि मानसिक समस्या देखिएमा मानसिक स्वास्थ्य विशेषज्ञबाट उपचार, फलोअप तथा रेफरल सुनिश्चित गर्न समितिले भनेको छ। आकस्मिक बिरामीको समयमै उपचारका लागि नजिकका अस्पताल तथा एम्बुलेन्स सेवासँग स्पष्ट समन्वय गर्न र स्पष्ट जिम्मेवारीसहित स्वास्थ्य संयोजक तोकी सबै तहले समन्वय गर्न निर्देशन दिइएको छ।

गाउँमै सुविधा सम्पन्न अस्पताल सञ्चालनमा आउँदा स्वास्थ्य सेवाको दृष्टिकोणले महत्त्वपूर्ण कार्य भएको भनी स्थानीय चरणलाल चौधरीले खुसी व्यक्त गरे । गाउँपालिका अध्यक्ष राजसमझ चौधरीले १८ करोड ५२ लाख ६३ हजार रूपैयाँको लागतमा अस्पताल भवन निर्माण भएको जनाउँदै अस्पताल सञ्चालन आएसँगै इमरजेन्सी, भिडियो एक्सरेलगायतका सेवा विस्तारमा ध्यान दिइएको जानकारी दिए । अस्पतालका निमित्त प्रमुख बलबहादुर धानुकका अनुसार अस्पतालमा हाल ओपिडी, फार्मेसी, प्रयोगशाला, इसिजी सेवा तथा २४ सै घण्टा प्रसूति सेवा उपलब्ध छन् । अस्पताल सञ्चालनमा आएको एक महिनाको अवधिमा त्यस अस्पतालबाट एक हजार २०० जना बिरामीले विभिन्न उपचार सेवा लिएको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालमा हाल एक मेडिकल अधिकृतसहित १८ जना कर्मचारी छन् । *रासस*

# ताकमका विद्यार्थी पढाइसँगै तरकारीखेती गर्दै

**म्याग्दी–** म्याग्दीको धौलागिरी गाउँपालिका-७ स्थित ताकम माध्यमिक विद्यालयले तरकारीखेती सुरु गरेको छ । विद्यालयको दिवाखाजा, छात्रावासका लागि आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा फलाउने तथा विद्यार्थीलाई प्राविधिक र व्यावसायिक ज्ञान, सीप सिकाउने उद्देश्यले तरकारीखेती सुरु गरेको हो ।

विद्यालयका प्राध्यानाध्यापक केशर रावलले प्लास्टिक घर बनाएर मौसमी र बेमौसमि तरकारीखेती सुरु गरेको जानकारी दिए । 'विद्यार्थी र शिक्षकले फुर्सदको समयमा प्रयोगात्मक अभ्यासका लागि पहिलो चरणमा एउटा टनेलमा बन्दा, काउली र गाजर लगाएका छौं,' उनले भने, 'थप जमिनमा हिउँदे आलु र साग प्रजातिका तरकारी लगाउने तयारीमा छौं ।' विद्यालयको तीन रोपनी जग्गामा तरकारीखेतीलाई निरन्तरता दिने विद्यालयको योजना छ । कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई तरकारीखेतीमा सहभागी गराइएको छ ।

तरकारीखेतीका लागि गाउँपालिकाले 'धवलागिरीको इच्छा, गरिखाने शिक्षा' कार्यक्रममार्फत आर्थिक वर्ष २०८२/८३ मा एक लाख ५० हजार रूपैयाँ सहयोग गरेको छ । दातृ संस्था 'गुड नेवर्स इन्टरनेसनल'को सहयोगमा संगम म्याग्दीमार्फत सञ्चालित एकीकृत सामुदायिक विकास परियोजनाले प्रांगारिक प्रविधिबाट खेती गर्ने तरिकाका विषयमा प्राविधिक सहयोग गरेको छ ।

उक्त परियोजनाले करेसाबारी कार्यक्रममार्फत थप सहयोग गर्ने जनाएको प्रधानाध्यापक रावलले बताए । कक्षा आठ देखि १२ सम्म इलेक्ट्रिक इञ्जिनियरिङ विषयको पठनपाठन हुने ताकम माविमा २२१ जना विद्यार्थी अध्ययनरत छन् ।

विद्यार्थीहरूले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्रावासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले उक्त कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ । करेसाबारीमा बिताउँदा विद्यार्थीले जीवनउपयोगी र व्यावसायिक सीप सिक्नेमात्र नभई 'रिफ्रेस' समेत महसुस गरेको पाइएको छ । *रासस*


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०८/२० मा दर्ता भएको **प्रा.लि. नं. ४९५१२** को **सेफ ट्रेडिङ्ग कन्सर्न प्रा. लि.** को मिति २०८३/०५/२६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४७/०१/०३ मा दर्ता भएको **प्रा.लि. नं. ९७८४०** को **शिवम् औषधि प्रा. लि.** को मिति २०८३/०५/२६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

**प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड**
**को**

## विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/२७**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भदौ २६, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा सहभागी हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः–**

**मितिः** असोज ११, २०८३ ।
**समयः** दिउसो १:०० बजे ।
**स्थानः** कम्पनीको प्रधान कार्यालय, का.म.न.पा. वडा नं.- ३२, तिनकुने, काठमाडौं ।

**विशेष साधारण सभामा निर्णयको लागी प्रस्तुत हुने प्रस्तावहरूः–**

**क) विशेष प्रस्तावः**
१. कम्पनीको प्रबन्धपत्रको दफा ४. संसोधन गरि उद्देश्य थपघट गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ५. संसोधन गर्ने सम्बन्धमा ।
३. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारीः–**
१. वर्तमान समयमा बाढी पहिरोको कारण देशभर प्रभाव परेकोले देशभर विभिन्न ठाऊँमा रहनु भएका शेयरधनी महानुभावहरूको सहजीकरणको लागि यस विशेष साधारण सभालाई पूर्णतया भर्चुअल माध्यमबाट गरिनेछ ।
२. विशेष साधारण सभामा भर्चुअल माध्यमबाट सहभागी हुन शेयरधनी महानुभावहरूले आफ्नो नाम, शेयरधनी नम्बर सहित सभा हुने ७ दिन अगावै Meeting ID र Password का लागी यस कम्पनीको कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । शेयरधनीहरूको पहिचान पश्चात् निजहरूलाई Link/Meeting ID /Password उपलब्ध गराइनेछ ।
३. विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
४. विशेष साधारण सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

**आज्ञाले कम्पनी सचिव**
**प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।**
**फो.नं. 01-5904961/5904964, www.prabhucablecar.com**


# चलायमान बन्दै...

पृष्ठ ४ बाट क्रमशः

कार्यालयका अनुसार रसुवागढी नाका बन्द हुनुअघि ४० दिनमा कोरला नाकाबाट भित्रिएका मालवस्तुको पैठारीबापत ५२ करोड ८० लाख रूपैयाँ राजस्व संकलन भएको थियो भने भदौ १० गतेपछि मुस्ताङ भन्सार कार्यालयबाट थप २६ करोड बढी संकलन भएको छ । चालु आव २०८३/८४ को साउनदेखि भदौ २० गतेसम्म मुस्ताङ भन्सारबाट कूल ७८ करोड रूपैयाँभन्दा बढी राजस्व संकलन भइसकेको भन्सारको तथ्यांकमा उल्लेख छ ।

रसुवागढी नाका बन्द भएपछि नौ दिनको फेरोमा कोरला नाका हुँदै नेपाल भित्रिएका ८८ वटा मालवस्तु रहेका कन्टेनर र १३० वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको छ । यसअघि चालु वर्षको साउनदेखि भदौ १० गतेअघिसम्म कोरला नाकाबाट भित्रिएका १६३ विद्युतीय सवारी र १३३ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख चुडालले बताए ।

चालु वर्षको साउनदेखि भदौ १० गतेअघिको तथ्यांक हेर्दा मुस्ताङ भन्सारमा दैनिक चार/पाँच वटा विद्युतीय सवारी र दैनिक तीन/चारको हाराहारीमा कन्टेनरकोमात्रै जाँचपास भएको देखिन्छ तर भदौ १० गतेपछि दैनिक औसत १५ भन्दा बढी विद्युतीय सवारी र दैनिक औसत १० भन्दा बढी कन्टेनरको भन्सार जाँचपास भएको देखिन्छ ।

भन्सार प्रमुख चुडालका अनुसार अघिल्लो ४० दिनमा १६३ वटा इभी गाडी जाँचपास भएकामा पछिल्लो १० दिनमा १३० वटा इभी गाडी जाँचपास भएको हो । यसैगरी अघिल्लो ४० दिनमा १३३ वटा कन्टेनरको जाँचपास भएकामा पछिल्लो १० दिनमा ८८ वटा कन्टेनरको जाँचपास भएको भन्सार प्रमुख चुडालको भनाइ छ ।

भन्सार प्रमुख चुडालले राससलाई दिएको जानकारीअनुसार भदौ १० अघिको अघिल्लो ४० दिनमा संकलन भएको राजस्व अनुपातमा दैनिक रु एक करोड ३० लाख संकलन भएको देखिन्छ । यसैगरी भदौ १० पछिको भन्सार राजस्वको दैनिक अनुपात दुई करोड ८८ लाख रूपैयाँभन्दा बढी देखिन्छ । नेपाल-चीन उत्तरी कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयले गत आव २०८२/८३ मा छ अर्ब ९२ करोड रूपैयाँ राजस्व संकलन गरेको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत वर्ष पैठारीतर्फ १४ अर्ब ४० करोड रूपैयाँभन्दा बढीको मालवस्तु पैठारी भएको थियो भने २० करोड ५० लाख रूपैयाँभन्दा बढीको मालवस्तु चीनतर्फ निकासी भएको थियो ।

गत वर्ष कोरला नाका हुँदै चीनबाट भित्रिएका तीन हजार २२३ वटा विद्युतीय गाडी र एक हजार ८७३ वटा मालवस्तु पैठारी गरिएका कन्टेनरको भन्सार जाँचपास भएको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत वर्ष छ अर्ब ९२ करोड रूपैयाँ राजस्व संकलन भएकामा चालु वर्ष सामान्य अवस्था रहेमा नौ अर्ब रूपैयाँभन्दा बढी भन्सार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रसुवा घटनाले उक्त लक्ष्यभन्दा बढी उठ्ने देखिएको छ ।

चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय गाडी भन्सार जाँचपास गर्नका लागि कोरला नाकामै पार्किङ गरिएका प्रमुख चुडालले बताए । पछिल्लो समय मुस्ताङको कोरला नाकादेखि न्हेचुङ भन्सारका आसपासका क्षेत्र कन्टेनर र विद्युतीय सवारीले ढाकिएका छन् ।

विगतमा उपल्लो मुस्ताङका नागरिकलाई मात्रै केन्द्रित गरी सञ्चालन भएको कोरला नाका गत वर्षको भदौदेखि सामान्य अवस्थामा निकासी तथा पैठारी हुँदै आएको थियो । रसुवा र तातोपानी नाका बन्द भएपछि कोरला नाका मुख्य मार्गका रूपमा चलायमान बनेको छ । *रासस*

# रसुवा बाढीबाट...

यसबाट जोखिम पहिचानपछि नियमित अध्ययन, निगरानी र आवश्यकताअनुसार जोखिम न्यूनीकरणका उपाय अपनाउन सकिने देखिन्छ । तर अबको प्रश्न एउटै तालमा गरिएको कामलाई अन्य सम्भावित जोखिमयुक्त क्षेत्रमा कसरी विस्तार गर्ने भन्ने हो ।

### तथ्यांक अध्यावधिक गर्नुपर्ने प्रश्न

हिमतालसम्बन्धी विभिन्न समयका अध्ययनमा तालको क्षेत्रफल र अवस्थाबारे फरक-फरक तथ्यांक भेटिन्छन् । यस्तो फरक देखिनुको कारण अध्ययनको वर्ष, प्रयोग गरिएको मापन विधि र तालको मौसमी अवस्थालगायत हुनसक्छ । इसिमोडको सन् २०२० को हिमताल सूचीकरणले पनि हिमताल पहिचानका लागि उपग्रह प्रविधि प्रयोग गरेको थियो । उक्त अध्ययनले तालको विशेषता, तालको बाँध, स्रोत हिमनदी तथा वरपरको भूआकृतिलाई आधार बनाएर सम्भावित खतरनाक हिमताल पहिचान गरेको थियो ।

यस कारण सोलुखुम्बुका हिमतालको जोखिम मूल्यांकनमा पुरानो सूचीलाई आधारमात्र बनाउनुको सट्टा नियमित स्याटलाइट मोनिटरिङ, आवश्यक स्थानमा स्थलगत अध्ययन, तालको पानीको मात्रा तथा बाँधको अवस्था र सम्भावित बाढीको मार्गको अद्यावधिक अध्ययन आवश्यक रहेको यस क्षेत्रका विज्ञहरूको सुझाव छ । जिल्लामा हिमतालजन्य बाढीको जोखिम बुझ्न विगतका घटना महत्त्वपूर्ण आधार हुन सक्ने खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले बताए ।

वडाध्यक्ष अधिकारीका अनुसार सन् १९८५ मा डिग छो हिमताल फुट्दा दूधकोशी क्षेत्रमा ठूलो बाढी आएको थियो । इसिमोडको पछिल्लो प्रतिवेदनले उक्त घटनाबाट नाम्चे जलविद्युत् आयोजनालगायतका संरचनामा क्षति पुगेको र आर्थिक क्षति भएको अभिलेख गरेको छ । थप अध्ययनपछि डिग छोको हालको अवस्था भने विगतको जस्तो उच्च जोखिमयुक्त नभएको निष्कर्षसमेत प्रकाशित भएको छ ।

### जोखिम बस्तीमामात्र सीमित छैन

हिमाली क्षेत्रमा हिमताल वा हिमपहिरोबाट उत्पन्न आकस्मिक बाढीको असर बस्तीमामात्र सीमित हुँदैन । पदमार्ग, पुल, सडक, खानेपानी, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटनसँग सम्बन्धित संरचनासमेत प्रभावित हुन सक्ने खुम्बुका स्थानीय सोनामदोर्जी शेर्पाको भनाइ छ । सन् २०२४ को थामे बाढीले घर तथा अन्य संरचनासँगै विद्यालय, स्वास्थ्यचौकी र होटलमा क्षति पुर्‍याएको इसिमोडको अध्ययनले देखाएको छ । उक्त घटनामा मानवीय क्षति हुनबाट बचे पनि भौतिक संरचनामा ठूलो क्षति पुगेको तत्कालीन घटनाको उद्धारमा संलग्न प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको अनुभव छ ।

'दिनको समयमा बाढी आएकाले उद्धार र मानिसलाई सुरक्षित स्थानमा लैजान सहज भयो । तर घटनाले हिमाली क्षेत्रमा यस्ता जोखिमका लागि पूर्वतयारी कति महत्त्वपूर्ण रहेछ भन्ने देखायो,' प्रनाउ घिमिरेले भने । सोलुखुम्बुको अर्थतन्त्र पर्यटनसँग निकट रूपमा जोडिएकाले विपद् जोखिम व्यवस्थापनलाई मानवीय सुरक्षासँगै पर्यटन पूर्वाधार र स्थानीय अर्थतन्त्रको सुरक्षासँग पनि जोडेर हेर्नुपर्ने कीर्तिमानी सगरमाथा आरोही स्पिडकाजी शेर्पाको भनाइ छ । 'पर्यटन क्षेत्रका पदमार्ग, पुल, होटल तथा अन्य संरचनाको जोखिम मूल्यांकन गरी आवश्यक सुरक्षा तथा पूर्वतयारीमा ध्यान दिनुपर्छ,' उनले भने ।

### पूर्वसूचना प्रणालीमा थप सुधार

थामे घटनापछि जल तथा मौसम विज्ञान विभागले तल्लो तटीय क्षेत्रमा पूर्वसूचना सन्देश पठाएको अनुभवले हिमाली क्षेत्रमा पूर्वसूचना प्रणालीको महत्त्व देखाएको छ । विभागका अनुसार प्रारम्भिक सूचना प्राप्त भएपछि थामेदेखि ओखलढुंगासम्मका तल्लो तटीय बस्तीमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत निःशुल्क पूर्वसूचना पठाइएको थियो । विपद्को जोखिम न्यूनीकरणका लागि सूचना समयमै पहिचान गरी जोखिममा रहेका समुदायसम्म तत्काल पुर्‍याउने र उनीहरूलाई सुरक्षित स्थानतर्फ जान सक्ने व्यवस्था आवश्यक हुन्छ ।

यही उद्देश्यले खुम्बुको थामेदेखि सुर्केसम्मको क्षेत्रमा करिब आठ स्थानमा पूर्वसूचना साइरन प्रणाली जडान गरिएको एसपिसिसीका अध्यक्ष शेर्पाले जानकारी दिए । उनका अनुसार करिब छ महिनाअघि जडान गरिएको उक्त प्रणालीले नदीको पानीको सतह खतराको तह पार गरेपछि एकैपटक सबै स्थानमा सतर्कता साइरन बजाउने छ । साइरन बजेसँगै स्थानीय बासिन्दा तथा पर्यटकलाई सम्भावित जोखिमबारे तत्काल जानकारी प्राप्त हुने र सुरक्षित स्थानतर्फ जान पर्याप्त समय उपलब्ध हुने उनले बताए ।

यता खुम्बु पासाङल्हामु गाउँपालिका-४ अन्तर्गत दिङ्बोचे, पाङ्बोचे र छुगिटागा लगायतका स्थानमा यसअघि नै बाढीको पूर्वसूचना दिन साइरन जडान गरिएका छन् तर ती उपकरण अहिले सञ्चालनमा छन् कि छैनन् भन्ने यकिन नभएको वडाध्यक्ष लक्ष्मण अधिकारीले बताए । 'मेरो वडाका तीन ठाउँमा धेरै वर्षअघि साइरन राखिएका हुन् । अहिले ती सञ्चालनमा छन् कि छैनन् भन्ने कुनै यकिन छैन । साइरन छ, तर त्यसको सक्रियता र अवस्थाबारे जानकारी छैन,' उनले भने ।

वडा कार्यालयका अनुसार ती साइरन तत्कालीन इम्जा लेक लोअरिङ परियोजनाले जडान गरेको थियो तर त्यसपछि नियमित सञ्चालन, मर्मत तथा परीक्षण नभएकाले हाल ती उपकरण प्रयोगयोग्य अवस्थामा छन् वा छैनन् भन्ने स्पष्ट हुन सकेको छैन । खुम्बुको छुकुममा सन् २००७ मा आएको बाढीले ठूलो होटलसमेत बगाएको थियो । पछिल्ला वर्षमा सगरमाथा क्षेत्रका विभिन्न स्थानमा साना हिमताल तथा हिमनदी फुटेर आउने बाढीले पदमार्गमा बनाइएका काठे साँघु र पुल बगाउने घटना पनि दोहोरिँदै आएका छन् । यस्तो घटना खुम्बु क्षेत्रमा बर्सेनीजसो हुने सामान्य जोखिमका रूपमा स्थापित हुँदै गएको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

### रसुवा घटनाले सिकाएको पाठ

रसुवाको पछिल्लो घटनाले सोलुखुम्बुसहित हिमाली जिल्लालाई डराउनुभन्दा तयार रहनुपर्ने पाठ दिएको कीर्तिमानी सगरमाथा आरोही स्पीडकाजी शेर्पा बताउँछन् । रसुवामा भदौ १० गते आएको बाढीको कारणबारे अध्ययन जारी रहे पनि प्रारम्भिक विवरणले हिमपहिरो, नदी थुनिने र अचानक ठूलो पानीको बहाव आउनेजस्ता प्रक्रियाबाट हिमाली क्षेत्रमा आकस्मिक विपद् निम्त्याउन सक्ने देखाएको छ । नेपाल रेडक्रसको प्रारम्भिक विवरणमासमेत हिमपहिरोले लेन्दे खोला थुनेर अचानक पानीको बहाव बढेको हुनसक्ने उल्लेख छ ।

यसकारण अब हिमतालको जोखिम मूल्यांकन गर्दा तालमात्र हेर्नेभन्दा त्यससँग जोडिएको हिमनदी, हिमपहिरो सम्भावित क्षेत्र, चट्टानी भू-भाग र नदी प्रणालीलाई समेत समेटेर अध्ययन गर्नुपर्ने मत आरोही शेर्पाको छ । पर्यटनविद् आङछिरिङ शेर्पा हिमाली जिल्लाले पुराना जोखिम सूचीलाई आधार बनाएरमात्र नबस्ने र पछिल्लो भू-उपग्रह तथ्यांक तथा स्थलगत अध्ययनका आधारमा जोखिमको पुनर्मूल्यांकन गर्नुपर्ने बताउँछन् ।

'कुन तालको आकार परिवर्तन भएको छ, कुन क्षेत्रमा नयाँ ताल बनेका छन्, कुन तालको बाँध वा वरपरको भू-भागमा परिवर्तन आएको छ र कुन क्षेत्रमा सम्भावित असर बढी पर्न सक्छ भन्ने विषयमा नियमित अध्ययन आवश्यक छ,' उनले भने । उनका अनुसार जोखिम नक्सा अद्यावधिक गर्ने, नदी तथा मौसम मापन केन्द्र विस्तार गर्ने, सम्भावित बाढीको मार्ग पहिचान गर्ने र स्थानीय समुदायलाई पूर्वसूचना प्राप्त भएपछि अपनाउनुपर्ने उपायबारे नियमित अभ्यास गराउनुपर्ने आवश्यकता छ ।

हिमाली क्षेत्रमा सबै प्राकृतिक विपद् रोक्न सम्भव नहुन सक्छ । तर जोखिमको पहिचान, नियमित निगरानी, सम्भावित असरको पूर्वानुमान, प्रभावकारी पूर्वसूचना र समुदायको तयारीबाट मानवीय तथा भौतिक क्षति भने घटाउन सकिने छुकुमका स्थानीय जानकार तेन्जिङजाङ्बु शेर्पाको भनाइ छ । रसुवा र थामेले हिमाली जिल्लालाई दिएको मुख्य सन्देश विपद् आएपछि उद्धार र राहतमा केन्द्रित हुनुभन्दा विपद् आउनुअघि जोखिम बुझ्ने, निगरानी गर्ने र तयारी गर्ने प्रणालीलाई बलियो बनाउनु आवश्यक रहेको यस क्षेत्रका जानकारहरूको सुझाव छ । *रासस*


## अटल वचत तथा ऋण सहकारी संस्था लि.

**गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं**

## कर्जा चुक्ता गर्न आउने बारेको २१ दिने अत्यन्त जरूरी सूचना

***प्रकाशित मिति: २०८३/०५/२७ गते, शनिबार***

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर रकम धनी संस्थासँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जासम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपशिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तारताकेता गर्दा समेत साँवा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हालसम्म पनि यस संस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो २१ (एकाइस) दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जना, दैदस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकिएको समय भित्र पनि उल्लेखितअनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चलअचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सँग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कालोसुचीमा नाम समावेश गर्नका लागि लेखी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीको नाम, थर, वतन | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : कुलदिपराज कणेल**<br>बुवाको नाम : भैरव प्रसाद कणेल<br>बाजे : रामनाथ कणेल<br>ना.प्र.नं. ४३२५२,<br>जारी मिति : २०४९।०४।१३<br>ठेगाना : पनौति उ.न.पा.५, काभ्रे | **नाम : सिता त्रिपाठी**<br>बुवाको नाम : नन्दिकेसर त्रिपाठी<br>बाजे : हरि प्रसाद त्रिपाठी<br>ठेगाना : पनौति उनपा-५, काभ्रे |
| २. | **नाम : सिता त्रिपाठी**<br>बुवाको नाम : नन्दिकेसर त्रिपाठी<br>बाजे : हरि प्रसाद त्रिपाठी<br>ना.प्र.नं. ५२०,<br>जारी मिति: २०५७।०९।२४<br>ठेगाना : पनौति उ.न.पा.५, काभ्रे | **नाम : कुलदिपराज कणेल**<br>बुवाको नाम : भैरब प्रसाद कणेल<br>बाजे : रामनाथ कणेल<br>ठेगाना : पनौति उनपा-५, काभ्रे |
| ३. | **नाम : प्रतिक्षा राई**<br>बुवाको : धन कुमार राई<br>बाजे : श्याम वीर राई<br>ना.प्र.नं. ०७-०१-६९-०२९८९<br>जारी मिति : २०६९।०९।१८<br>ठेगाना : घोर्लिखर्क-४, धनकुटा | **नाम : धन कुमार राई**<br>बुवाको नाम : श्याम वीर राई<br>बाजे : मकरध्वज राई<br>ठेगाना : घोर्लिखर्क-४, धनकुटा |
| ४. | **नाम : दिपक राई**<br>बुवाको नाम : पदम बहादुर राई<br>बाजे : गंगा बहादुर राई<br>ना.प्र.नं. १४१००७१२३५९५,<br>जारी मिति २०६९।०८।२७<br>ठेगाना : सिद्विपुर-४, उदयपुर | **नाम : चन्द्रहाङ राई**<br>बुवाको नाम : राजकुमार राई<br>बाजे : जगत बहादुर राई<br>ठेगाना : वाप्लुखा-१, खोटाङ |
| ५. | **नाम : हरिमाया राई**<br>बुवाको नाम : चन्द्र बहादुर राई<br>बाजे : इन्द्र बहादुर राई<br>ना. प्र. नं ९७७३५९५९,<br>जारी मिति २०४६।०३।२६<br>ठेगाना : धरमपुर-७, झापा | **नाम : राज राई**<br>बुवाको नाम : जपधन राई<br>बाजे :सन्त कुमार राई<br>ठेगाना : दिक्तेल रूपाकोट मझुवागढी-११, खोटाङ |
| ६. | **नाम : डम्बर बहादुर विश्वकर्मा**<br>बुवाको नाम : रोजमान विश्वकर्मा<br>बाजे : तेजमान विश्वकर्मा<br>ना.प्र.नं. ३९६०१, जारी,<br>मिति २०५५/३/१७<br>ठेगाना : सेदुगाउँ-५, रामेछाप | **नाम : सरू वि क**<br>बुवाको नाम : नारायण वहादुर विश्वकर्मा<br>बाजे : पहलमान विश्वकर्मा<br>ठेगाना : रावदेलु-९, रामेछाप |
| ७. | **नाम : किरण रुम्दाली**<br>बुवाको नाम : राजकुमार रुम्दाली<br>बाजे : हेमराज रुम्दाली<br>ना. प्र. नं १३१०५४।३७०,<br>जारी मिति २०६९।०१।१०<br>ठेगाना : मोलि-३, ओखलढुंगा | **नाम : देवेन्द्र रुम्दाली**<br>बुवाको नाम : मकर बहादुर रुम्दाली<br>बाजे : पृथी बहादुर रुम्दाली<br>ठेगाना : मोली-३, ओखलढुंगा |
| ८. | **नाम : रेशम गिरी**<br>बुवाको नाम : पुर्ण बहादुर गिरी<br>बाजे : डम्बर बहादुर गिरी<br>ना. प्र. नं २४३०७७१७१,<br>जारी मिति २०६३।१०।१९<br>ठेगाना : दुवाचौर-६, सिन्धुपाल्चोक | **नाम : प्रेमराज पुरी**<br>बुवाको नाम : जीतनारायण पुरी<br>बाजे : पदम बहादुर पुरी<br>ठेगाना : दुवाचौर-६, सिन्धुपाल्चोक |
| ९. | **नाम : राम भण्डारी**<br>बुवाको नाम : बाबुराम भण्डारी<br>बाजे : केशब बहादुर भण्डारी<br>ना. प्र. नं ७७९/०४४,<br>जारी मिति २०५८/८/२५<br>ठेगाना : खैरहनि-३, चितवन | **नाम : सरू भण्डारी**<br>वुाको नाम : राजेन्द्र के.सी.<br>बाजे : लक्ष्मण के.सी.<br>ठेगाना : खैरहनी-७, चितवन |
| १०. | **नाम : सरू भण्डारी**<br>बुवाको नाम : राजेन्द्र के.सी.<br>बाजे : लक्ष्मण के.सी.<br>ना.प्र.नं.३५-०१-७२-०९३०९,<br>जारी मिति २०७२-०९-१९<br>ठेगाना : खैरहनि-७, चितवन | **नाम : राम भण्डारी**<br>बुवाको नाम : बाबुराम भण्डारी<br>बाजे : केशब बहादुर भण्डारी<br>ठेगाना : खैरहनी-३, चितवन |
| ११. | **नाम : रवि सुनार**<br>बुवाको नाम : गोपालकृष्ण सुनार<br>बाजे : जित बहादुर सुनार<br>ना.प्र.नं.९९८०३/१९३३,<br>जारी मिति २०६२-०१-२१<br>ठेगाना : वेलकोटगढी-५, नुवाकोट | **नाम : रमेश सुनार**<br>बुवाको नाम : गोपालकृष्ण सुनार<br>बाजे : जित बहादुर सुनार<br>ठेगाना : दुइपिपल-४, नुवाकोट<br>**नाम : किरण नगरकोटी सुनार**<br>बुवाको नाम : कृष्ण बहादुर सुनार<br>बाजे : श्यामलाल सुनार<br>ठेगाना : जोरपाटी-३, काठमाडौं |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०१००० | प्रति तोला - ० | प्रति तोला - ४६०० |



**पातको व्यापार** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित बालमन्दिर चोकमा शुक्रबार सालको पातको व्यापार हुँदै । जंगलबाट टिपेर ल्याएको पात प्रतिमुठा रु ५० मा बिक्री गर्ने गरेको किसान बताउँछन् । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## अर्थतन्त्र गतिशील बनाउन पाँच 'विशेष प्याकेज'

■ प्रभाव संवाददाता

**काठमाडौं**– अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन पाँचवटा विशेष प्याकेज अघि बढाउन लागेको बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २८औँ वार्षिक साधारणसभामा उनले अर्थतन्त्र सुधारका लागि विभिन्न क्षेत्रलाई समेटेर पाँचवटा प्याकेजमार्फत काम अघि बढाइरहेको जानकारी दिए ।

अर्थमन्त्रीले पहिलो प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनरुत्थान तथा पुनःस्थापनाका लागि आवश्यक काम भइरहेको बताए । बाढीबाट प्रभावित उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई राहत र पुनःस्थापनाका लागि अध्ययन भइसकेको उनले जानकारी दिए ।

दोस्रो प्याकेजअन्तर्गत शिथिल पुँजीबजारलाई सम्बोधन गर्न एक साताभित्रै १० देखि १२ बुँदे नीतिगत सुधारको योजना ल्याइने तयारी भइरहेको उनले बताए । निजी क्षेत्रको प्रवर्द्धन तथा पुनरुत्थानका लागि छिट्टै विशेष प्याकेज घोषणा गर्ने तयारी भइरहेको जानकारी दिँदै अर्थमन्त्रीले त्यसलाई तेस्रो प्याकेजका रूपमा अघि बढाइने बताए । चौथो प्याकेजअन्तर्गत नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को 'ग्रे लिष्ट'बाट हटाउन सरकारले प्राथमिकताका साथ काम गरिरहेको उनले जानकारी दिए ।

पाँचौं प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि अन्तरराष्ट्रिय वित्त परिचालनमा केन्द्रित भएर काम भइरहेको अर्थमन्त्री वाग्लेले बताए । 'अन्तरराष्ट्रिय फण्ड भित्र्याउने र त्यसलाई व्यवस्थित गर्ने दिशामा पनि हामी अग्रसर भएका छौं,' उनले भने । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले भोटेकोशी बाढीबाट अकल्पनीइय क्षति भएकाले प्रभावित उद्योगी, व्यवसायी तथा व्यापारीका लागि सरकारले विशेष प्याकेज ल्याई निजी क्षेत्रको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

### 'कर्मचारी सञ्चय कोषको लगानीमा राजनीतिक हस्तक्षेप हुँदैन'

**काठमाडौं (प्रस)**– अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कर्मचारी सञ्चय कोषको लगानीमा राजनीतिक प्रभाव पर्न नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतिनिधिसभाको बैठकमा कर्मचारी सञ्चय कोष (दशौँ संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा सांसदहरूको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा. वाग्लेले विगतमा कोषको रकमबाट विमान खरिद गर्दा भएको लगानी फलदायी हुन नसकेको उदाहरण दिँदै आगामी दिनमा राजनीतिक अभिष्टबाट प्रेरित लगानीका निर्णय न्यून गर्न सरकार सचेत रहेको स्पष्ट पारे ।

मन्त्री डा. वाग्लेले कोषमा रु ७०० अर्बभन्दा बढी रकम रहेको उल्लेख गर्दै कर्मचारीको रकमको समुचित परिचालन आवश्यक रहेको बताए । लगानी नगरी रकम मात्र सञ्चित गरेर राख्नु कोषको उद्देश्य नभएको उनको भनाइ थियो ।

मन्त्री डा वाग्लेले कोषको नेतृत्व तथा सञ्चालक समिति सदस्य नियुक्तिमा 'मेरिटोक्र्याटिक' प्रक्रिया अपनाइएको र प्रशासक छनोट प्रतिस्पर्धात्मक प्रक्रियाबाट गरिएको जानकारी दिए । उनले विधेयकमा कोषको स्वायत्तता, सञ्चालक समितिको संरचना र महिला सहभागितालगायत विषयमा उठेका प्रश्नलाई दफावार छलफलका क्रममा संशोधनमार्फत सम्बोधन गर्न सकिने बताए ।

बैठकले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ । अर्थमन्त्री डा वाग्लेले प्रस्तुत गरेको उक्त प्रस्ताव सभामुख डोलप्रसाद अर्यालले निर्णयार्थ पेश गरेका थिए ।

भोटेकोशी बाढी

## सामाजिक क्षेत्रको पुनरूत्थानका लागिमात्रै एक खर्ब आवश्यक

■ प्रभाव संवाददाता

**काठमाडौं**– भोटेकोशी बाढीका कारण रु ६७ अर्ब ८७ करोडबराबरको क्षति भएको छ । त्यसको पुनरुत्थानका लागि रु एक खर्ब तीन अर्ब ५४ करोड आवश्यक पर्ने आकलन गरिएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्यांकन (आरडिएनए) प्रतिवेदन'मा बाढीका कारण सात हजार ५७० वटा निजी घर ध्वस्त भएका छन् ।

घर र घरभित्र रहेको सम्पत्ति मूल्यांकन गर्दा रु ६३ अर्ब ८८ करोड ४८ लाखको क्षति भएको छ । त्यसको पुनरुत्थानका लागि रु ९५ अर्ब ८२ करोड ७२ लाख आवश्यक पर्ने देखिएको छ । बाढीका कारण ४८ वटा सार्वजनिक भवनमा क्षति पुगेको छ । जसमध्ये ३५ वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने १३ वटामा आंशिक क्षति पुगेको छ । भवन र भवनभित्र रहेको सम्पत्ति मूल्यांकनअनुसार रु दुई अर्ब ६४ करोड ५९ लाखको क्षति भएको छ । त्यसको पुनर्निर्माणका लागि रु चार अर्ब २३ करोड आवश्यक पर्ने आकलन छ ।

प्रतिवेदनअनुसार बाढीका कारण १८ वटा विद्यालय प्रभावित भएका छन् । त्यसमध्ये ११ वटा पूर्ण र सात वटामा आंशिक रूपमा क्षति पुगेको छ । भवन र भवनमा रहेका अन्य सम्पत्ति गरी रु ९३ करोड ७३ लाखको क्षति भएको छ । उक्त क्षेत्रको पुनरुत्थानका लागि रु दुई अर्ब ३४ करोड आवश्यक पर्नेछ ।

सातवटा स्वास्थ्य सेवा प्रवाह हुने भवन प्रभावित भएका छन् । जसमध्ये चार वटा पूर्ण रूपमा ध्वस्त भएका छन् भने तीन वटामा आंशिक क्षति पुगेको छ । उक्त क्षेत्रमा रु २३ करोड ६६ लाखको क्षति भएको छ भने पुनरुत्थानका लागि रु ७८ करोडबराबर आवश्यक छ । प्राधिकरणका अनुसार सांस्कृतिक सम्पदामा पनि असर पुगेको छ । त्यसमा ३० वटा सांस्कृतिक र धार्मिक क्षेत्र रहेको प्रारम्भिक अध्ययनले देखाएको छ । जुन रु १४ करोड ७७ लाख छ । यस क्षेत्रको पुनरुत्थानका लागि रु ३६ करोड ५९ लाख आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ ।

### सामाजिक क्षेत्रमा यस्तो छ क्षति

सामाजिक क्षेत्रअन्तर्गतका निजी तथा सार्वजनिक भवन र संरचनामा क्षति पुगेको छ । जसमध्ये २६.९ प्रतिशत निजी भवन (आरसिसी तथा अन्य प्रकार) मा क्षति पुगेको छ । मूल्यका हिसाबले यी भवनमा पुगेको क्षतिको हिस्सा ७३.४ प्रतिशत छ ।

त्यसैगरी, सिमेन्टले बनेका भवन प्रभावितको हिस्सा ४२.५ प्रतिशत छ । मूल्यका हिसाबले यो २०.८ प्रतिशत हो । प्रभावितमध्ये माटोले बनेका भवनको हिस्सा ३०.६ प्रतिशत छ । जसको मूल्यका हिसाबले ५.८ प्रतिशत बराबर छ । बाढीका कारण प्रभावित भन्सार कार्यालयको भवन ४.२ प्रतिशत रहेको भए पनि मूल्यका हिसाबले ३५.४ प्रतिशत हो ।

प्रभावितमध्ये अन्त्येष्टिस्थलको हिस्सा १६.७ प्रतिशत छ । मूल्यका हिसाबले यसमा ४.६ प्रतिशत क्षति भएको छ । धार्मिकस्थलका प्रभावित संरचनाको हिस्सा १२.५ प्रतिशत छ भने मूल्यका हिसाबले ६.५ प्रतिशतबराबर क्षति पुगेको छ । बाढीका कारण प्रभावितमध्ये प्रहरी चौकीका संरचना १०.४ प्रतिशत छन् । जुन मूल्यका हिसाबले ११.३ प्रतिशत हो । सरकारी कार्यालय भवनको हिस्सा १२.५ प्रतिशत छ, जुन मूल्यका हिसाबले ८.८ प्रतिशत हो ।

त्यसैगरी, स्वास्थ्य भवनको हिस्सा ८.३ प्रतिशत छ, जुन मूल्यका हिसाबले पाँच प्रतिशत हो । नेपाली सेनाको प्रभावित संरचनाको हिस्सा ४.२ प्रतिशत छ । जुन मूल्यको हिसाबले ५.९ प्रतिशत हो । कारागार भवनतर्फ कुल ४.२ प्रतिशत र मूल्यका हिसाबले पाँच प्रतिशत क्षति पुगेको छ । प्रभावितमध्ये कर्भडहलको हिस्सा ४.२ प्रतिशत छ । जुन मूल्यका हिसाबले २.८ प्रतिशत हो । बाढीका कारण प्रभावित संरचनामध्ये खेलकुदसँग सम्बन्धित ४.२ प्रतिशत छन् । जुन मूल्यका हिसाबले १.४ प्रतिशत क्षति भएको छ ।

ज्येष्ठ नागरिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ । जसको मूल्यको हिस्सा ५.१ प्रतिशत छ । प्राधिकरणका अनुसार प्रभावित भवनमध्ये सभाहलको हिस्सा २.१ प्रतिशत छ भने यो मूल्यका हिसाबले ०.६ प्रतिशत हो । सरकारी बैंक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत र यो मूल्यका हिसाबले १.४ प्रतिशत हो । सामुदायिक भवन प्रभावित संरचनाको हिस्सा २.१ प्रतिशत छ भने मूल्यका हिसाबले ३.६ प्रतिशत हो । त्यस्तै, अन्य भवन प्रभावित संरचनाको ४.२ प्रतिशत र कुल क्षति मूल्यको २.१ प्रतिशत रहेको प्राधिकरणको भनाइ छ ।

## राष्ट्रिय विज्ञापन संघद्वारा बाढीप्रभावितलाई राहत सामग्री हस्तान्तरण

**काठमाडौं (प्रस)**– राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) ले रसुवाको भोटेकोशीमा गत भदौ १० गते आएको बाढीबाट प्रभावितहरूलाई अत्यावश्यक राहत सामग्री हस्तान्तरण गरेको छ । नान तथा विज्ञापन व्यवसायीहरूबाट संकलित रकमबाट खरिद गरिएका सामग्रीहरू हस्तान्तरण गरिएको हो ।

शुक्रबार बालाजुमा एक कार्यक्रमबीच नुवाकोटको विदुर नगरपालिका-७ का वडाध्यक्ष रविन्द्र नेपालको संयोजनमा कविन्द्र अधिकारी, बासु अधिकारी र सुदिप अधिकारीलाई राहत सामग्री हस्तान्तरण गरिएको नानले जानकारी दिएको छ ।

राहत हस्तान्तरण कार्यक्रममा बोल्दै नानका अध्यक्ष प्रदिपप्रसाद कोइरालाले प्राकृतिक विपद्को यस कठिन समयमा पीडित नागरिकको घाउमा थोरै भए पनि मल्हम लगाउनु सामाजिक दायित्व भएको बताए ।



कार्यक्रममा नानका संस्थापक अध्यक्ष धर्मेन्द्र काजी श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष अमृत कुमार पन्थी, कोषाध्यक्ष अरुण अर्याल तथा कार्यसमिति सदस्य अदिप पाठकलगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

संघका तर्फबाट प्रभावित क्षेत्रका लागि १५० थान झुल, ६२० थान जुत्ताचप्पल, १५० थान ब्ल्यांकेट र १५० थान भाँडाकुडा हस्तान्तरण गरिएको जानकारी दिइएको छ ।

कर्पोरेट

### सिटिजन्स बैंकको मधेसकेन्द्रित 'मार्केट लिडरसिप' कार्यक्रम




**काठमाडौं (प्रस)**– सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले मधेस प्रदेशमा आफ्ना प्रदेश प्रमुख, शाखा-प्रबन्धक तथा अन्य सहकर्मीहरूमाझ 'ड्राइभिङ हाइ-भोल्युम ग्रोथ, क्वालिटी क्रेडिट, एन्ड मार्केट लिडरसिप ०८३/८४' कार्यक्रम आयोजना गरेको छ ।

सेमिनार बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेललगायत अन्य वरिष्ठ कार्यकारीको उपस्थितिमा सम्पन्न भएको बैंकले जानकारी दिएको छ । कार्यक्रममा गत आर्थिक बर्षको कार्य प्रगति समीक्षा एवं चालु आर्थिक वर्षका बजेट, रणनीतिक कार्ययोजना एवं प्राथमिकताहरूमा छलफल गर्दै केन्द्र र प्रदेशबीच सहकार्य सुदृढ गर्ने विषयमा अन्तरक्रिया भएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मधेस प्रदेशका आठ जिल्लामा सिटिजन्स बैंकको २९ शाखा कार्यालय संञ्चालनमा छन् । यसअघि नै बैंकले बागमती प्रदेशमा 'लिडिङ फ्रम द फ्रन्टः स्ट्राटेजिक ग्रोथ इम्पेरेटिभ्स फर बागमती प्रदेश' र कोशी प्रदेशमा 'एक्सेलेरेटिङ कमर्सियल मोमेन्टमः बिजनेस एक्सपान्सन एन्ड एसेट क्वालिटी इन्हान्समेन्ट इन कोशी प्रदेश' कार्यक्रम सम्पन्न गरेको थियो । त्यसैको निरन्तरता स्वरूप मधेस प्रदेशमा यस किसिमको सेमिनार गरिएको बैंकले जनाएको छ ।

### सिबिफिनको कार्यवाहक अध्यक्षमा राजेश उपाध्याय



**काठमाडौं (प्रस)**– बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को कार्यवाहक अध्यक्षको जिम्मेवारी कार्यसमितिका वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायलाई प्रदान गरिएको छ । निवर्तमान अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले हिमालयन बैंकको सञ्चालक समितिको अध्यक्ष पदबाट दिएको राजीनामा स्वीकृत भएसँगै सिबिफिनको अध्यक्ष पद रिक्त रहेको थियो ।

बिहीबार बसेको सिबिफिन कार्यसमितिको बैठकले आसन्न वार्षिक साधारणसभाबाट नयाँ कार्यसमिति चयन नभएसम्म संस्थाको नेतृत्वलाई निरन्तरता दिन वरिष्ठ उपाध्यक्ष उपाध्यायलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी सुम्पिने सर्वसम्मत निर्णय गरेको प्रेस विज्ञप्तिमार्फत जानकारी दिइएको छ ।

महालक्ष्मी विकास बैंकका अध्यक्षसमेत रहेका उपाध्याय नेपालको बैंकिङ, बिमा तथा वित्तीय सेवा क्षेत्रमा करिब अढाइ दशकदेखि क्रियाशील एक अनुभवी व्यवसायी, कुशल रणनीतिकार तथा संस्थागत विकासका अभियन्ताका रूपमा परिचित छन् । उनले सिबिफिनको स्थापनाकालदेखि नै कार्यसमितिका विभिन्न जिम्मेवारीमा रहेर संस्थाको विकास र सुदृढीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । 'विभिन्न बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीहरूको नेतृत्वदायी भूमिकामा रही उहाँले हासिल गर्नुभएको लामो अनुभव र दक्षताले सिबिफिनको आगामी यात्रालाई थप परिणाममुखी बनाउने अपेक्षा गरिएको छ,' सिबिफिनले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

## दोहोरो अंकले बढ्यो नेप्से

### २७.९४ अंकले नेप्से बढ्दा ४ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं** – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ९४ अंकले बढेर दुई हजार ५५९ दशमलव ४९ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ९८ अंकले बढेर ४५३ दशमलव ९२ मा पुगेको छ । फ्लोट सूचक एक दशमलव ८८ अंकले बढेर १७५ दशमलव ७० मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ४३ अंकले बढेर १५३ दशमलव २१ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड २० लाख ८९ हजार ७०९ कित्ता सेयर रु चार अर्ब ३६ करोड एक लाख ५९ हजार ४८७ मूल्यमा खरिद बिक्री भएको छ । सबै उपसमूहको सेयर मूल्य बढेको छ ।

बैंकिङ शून्य दशमलव ७८, व्यापार एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव शून्य चार, विकास बैंक एक दशमलव शून्य पाँच, हाइड्रोपावर एक दशमलव ८३, वित्त शून्य दशमलव ४६, निर्जीवन बिमा एक दशमल ७२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, लघुवित्त शून्य दशमलव ९७, जीवन बिमा शून्य दशमलव ९७, लगानी एक दशमलव ५८ र अन्य शून्य दशमलव ४२ प्रतिशतले बढेको छ ।

२३८ कम्पनीको सेयर मूल्य बढ्दा ३० कम्पनीको सेयर मूल्य घट्नुका साथै नौ कम्पनी स्थिर छन् । नेप्सेका अनुसार उपकार लघुवित्त वित्तीय संस्था, अभियान लघुवित्त वित्तीय संस्था र सिन्धु विकास बैंकका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी आज मल्टिप्रपोज फाइनान्स कम्पनी, इमर्जिङ नेपाल लिमिटेड, ओममेगाश्रीलगायत लगानीकर्ताले गुमाएका छन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ